नेपाल सरकार
गृह मन्त्रालय



BILL & MELINDA GATES foundation

APP ASIAN PREPAREDNESS PARTNERSHIP


# चट्याङले लिन्छ ज्यान

## चट्याङबाट हुने क्षति न्यूनीकरणका उपायहरु

### गड्याङ्ग-गुडुङ्ग सुनेपछि

### घरबाहिर हुँदा

| | |
|---|---|
|  | अग्लो र एक्लो रूख मुनि ओत नलाग्ने |
|  | पौडिने, माछा मार्ने, र्‍याफ्टिङ जस्ता क्रियाकलाप नगर्ने |
|  | खुल्ला मैदानमा नरहने |
|  | धातुको तारबारको नजिक नबस्ने |
|  | मैदानमा लमतन्न परेर नसुत्ने वा नखेल्ने |
|  | मानिसको समूह वा झुण्ड तथा मेला, हाट-बजार वा महोत्सवमा नरहने |
|  | फुटबल, क्रिकेट, गल्फ जस्ता खेलहरू तुरुन्त बन्द गर्ने |
|  | गाईवस्तुहरूलाई सुरक्षित स्थानतर्फ लग्ने |
|  | जङ्गलमा हुनुहुन्छ भने त्यहाँ रहेका स-साना रूखका बीचमा बस्ने |
|  | पक्की घर वा गाडी नजिक हुनुहुन्छ भने घर वा गाडीभित्र झ्याल-ढोका बन्द गरी बस्ने |
|  | नजिकै हाई भोल्टेजको तार भएमा दुई खम्बाको बीचमा तार मुनि दुई खुट्टा जोडेर बस्ने |
|  | केही गरी खुल्ला मैदानमा परे दुई घुँडा बीच टाउको लुकाई टुक्रुक्क बस्ने |

### घरभित्र हुँदा

| | |
|---|---|
|  | घरबाट बाहिर ननिस्कने |
|  | विद्युतीय उपकरणहरू जस्तैः टि.भी., कम्प्युटर आदिको नजिक नबस्ने; साथै, फ्रिज, वासिङ्ग मेसिन आदि प्रयोग नगर्ने |
|  | तार सहितको टेलिफोनमा कुरा नगर्ने |
|  | धारामा नुहाउने, लुगाधुने वा भाँडा माझ्ने काम नगर्ने |
|  | आपतकालीन अवस्थामा मात्र मोबाइल वा कर्डलेस फोन प्रयोग गर्ने |
|  | झ्याल-ढोका बन्द गरी घरको भित्तादेखि टाढै बस्ने |
|  | यदि नुहाउनै पर्ने वा धुने काम भएमा बाल्टिनको पानी प्रयोग गर्ने |
|  | उपकरणबाट केबुल तथा एन्टेनाका तारहरू छुटाउने |
|  | विद्युतीय उपकरणका तारहरू विद्युतीय प्लगबाट हटाउने |

थप जानकारीका लागिः
www.moha.gov.np
www.adpc.net
www.libird.org

adpc

LI-BIRD